स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
(स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ द्वारा स्थापित)
Local Development Training Academy
(Established under the Local Development Training Academy Act, 2049)

"An Autonomous, Professional, Client Centered, Gender Responsive National Institute of Excellence in the area of Local-Self Governance."
LDTA>>>

## केरावारी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि

# क्षमता विकास प्रशिक्षण

**२०८१ बैशाख १७ देखि १९ गतेसम्म**

**केरावारी गाउँपालिका, केरावारी, मोरङ**



**प्रतिवेदक**

**कृष्णप्रसाद भट्टराई, उपनिर्देशक**
**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान**
**२०८१, वैशाख**

# विषयसूची


परिच्छेद १: परिचय १-४

१.१ पृष्ठभूमि १

१.२ प्रशिक्षणको लक्ष्य तथा उद्देश्य २

१.३ प्रशिक्षणका सहभागी तथा स्रोतव्यक्तिहरू २

१.४ प्रशिक्षण सञ्चालन अवधि तथा स्थान २

१.५ सहभागीहरूको अपेक्षा ३

१.६ प्रशिक्षणका विषयवस्तुहरू ३

१.७ प्रशिक्षण विधि ४

१.८ प्रशिक्षणको उपलब्धि ४

परिच्छेद २: प्रशिक्षण कार्यक्रम कार्यान्वयन ५-१०

२.१ प्रशिक्षणको शुभारम्भ तथा समापन ५

२.२ दैनिक सत्र सञ्चालन ७

२.३ प्रशिक्षण मूल्यांकन ७

परिच्छेद-३: निष्कर्ष र सुझाव ०९– ०९

३.१ निष्कर्ष ०९

३.२ सुझाव ०९

अनुसूचीहरु १०-१७

अनुसूची १: प्रशिक्षण दैनिक कार्यतालिका १२

अनुसूची २: प्रशिक्षण अन्तिम मूल्यांकन फारम १३

अनुसूची ३: १४

प्रशिक्षणका केही तस्वीरहरु

## परिच्छेद-१
## परिचय

### १.१ पृष्ठभूमि

संविधानको मर्मअनुसार संघीय शासनलाई सफलताका साथ कार्यान्वयन गर्न स्थानीय तहहरुको क्षमता विकास गर्न अत्यावश्यक छ । स्थानीय तहको कामकारवाही चुस्तदुरुस्त एवं अपेक्षित रुपमा हुन नसकेको जनगुनासो आइरहेका छन् । यसका लागि स्थानीय तहमा रहेका स्रोतसाधनको समुचित परिचालन गरी जनगुनासोको उचित व्यवस्थापन गर्नका लागि त्यहाँ रहेका जनप्रतिनिधि तथा कर्मचारी जनशक्तिको क्षमता विकास गर्नु अति आवश्यक रहेको छ ।

स्थानीय सरकारको काम कारवाहीलाई व्यवस्थित गर्न वि सं २०७४ सालमै स्थानीय सरकार सञ्चालन सम्वन्धी ऐन, २०७४ जारी भइसकेको छ । स्थानीय तहमा काम कारवाही सञ्चालनका लागि **गीता** जस्तै रहेको सो ऐनको कार्यान्वयन प्रभावकारी रुपमा हुन सकेमा स्थानीय तहको सञ्चालनमा धेरै वाधा अड्चनहरु आउने थिएनन् भनेर भन्न सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा जनप्रतिनिधिका काम, कर्तव्य र अधिकार व्यवस्थित रुपमा उल्लेख गरिएको छ । वजेट कहिले ल्याउने, योजना तर्जुमा कसले गर्ने, स्थानीय तहका प्रमुख या अध्यक्षले के गर्ने ? उपाध्यक्ष या उपप्रमुखले के गर्ने ? समयमा वजेट आउन नसके के हुन्छ ? के कस्ता विषयगत समितिहरु रहन्छन् ? सभा तथा कार्यपालिकाले के कस्ता समितिहरु गठन गर्न सक्छ आदि जस्ता धेरै विषयहरु, आदि ।

स्थानीय तहमा दोश्रो कार्यकालका लागि जनप्रतिनिधिहरु आएको पनि २ वर्ष भइसक्यो । केही जनप्रतिनिधिहरु दोहोरिनुवाहेक अधिकांश नयाँ जनप्रतिनिधिहरु रहनुभएको छ । नयाँ जनप्रतिनिधिहरुलाई अहिले पनि के गर्न हुने र के गर्न नहुने, कहिले गर्ने ? गर्दा के फरक पर्ने र नगर्दा के परिणाम आउँछ भन्ने विषयमा कानुनी जानकारी अपर्याप्त छ । काम गर्ने जोश जाँगर हुँदाहुँदै पनि उचित सकारात्मक मनोभावनाको कमीले गर्दा पनि चाहेको नतिजा निस्कन सकिरहेको छैन ।

वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा समयमै गर्न नसक्दा पनि कानुनी जटिलताहरु सिर्जना हुने देखिएको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७४ संशोधन भई २०७८ आइसकेको छ । वार्षिक वजेट तर्जुमा गर्दा यसको वारेमा पनि जनप्रतिनिधिहरु जानकार हुनुपर्ने छ । स्थानीय तहमा राजश्व परिचालन सही तरीकाले हुन नसक्दा स्थानीय तहले चाहेको परिमाण निकाल्न सकिरहेका छैनन् । स्थानीय तहका कर्मचारीहरुको पनि समयसापेक्ष क्षमता विकास हुनु आवस्यक छ । स्थानीय तहमा आर्थिक विकासको माध्यमवाट कसरी रोजगारी सृजना गर्न सकिन्छ भन्ने विषयमा पनि जनप्रतिनिधि र कर्मचारीहरुमा ज्ञान अभाव देखिन्छ ।

यसैले पनि स्थानीय तहले प्रभावकारी भूमिका निर्वाह गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुको समय अनुसार क्षमता विकास गर्नु आवस्यक छ । यस स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले

स्थानीय तहको निरन्तर रुपमा  क्षमता विकासका कामहरु गर्दै आएको छ । स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ अनुसार स्थापना भएको स्वायत्त निकाय हो । स्थानीय तहका जनप्रतिनिधिहरुको क्षमता विकास गर्ने कानुनी रुपमा जिम्मेवारी प्राप्त गरेको यो नै एक मात्र संस्था पनि हो ।

केरावारी गाउँपालिकाले यिनै विषयहरुलाई मध्यनजर गरी प्रतिष्ठानलाई आग्रह गरेवमोजिम यो प्रशिक्षण संचालन गरिएको छ । यस प्रशिक्षण सञ्चालनका लागि प्रतिष्ठानका विज्ञ कर्मचारीहरु तथा वाह्य प्रशिक्षकको पनि सहयोग लिइएको छ ।

## १.२ प्रशिक्षणका लक्ष्य तथा उद्देश्य

केरावारी गाउँपालिकाको कामकारवाहीलाई नियमित, गुणस्तरीय र प्रभावकारी वनाउनका लागि निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्ने एक मात्र लक्ष रहेको छ ।

### उद्देश्यहरु

प्रशिक्षण पश्चात सहभागीहरुले :-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गठन हुने सभाका समितिहरुको काम कर्तव्य तथा अधिकारको वारेमा वताउन सक्नेछन् ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यपालिकाले गठन गर्ने विषयगत समितिहरुको काम कर्तव्य तथा अधिकारको वारेमा वताउन सक्नेछन् ।
- नगरसभा तथा कार्यपालिकाको सञ्चालन तथा यसका काम कारवाहीको वारेमा जानकारी प्राप्त गर्नेछन् ।
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियाको वारेमा जानकारी प्राप्त गर्नेछन् ।
- स्थानीय तहको राजश्व व्यवस्थापनका वारेमा जानकारी प्राप्त गर्नेछन् ।
- स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको वारेमा जानकारी प्राप्त गर्नेछन्।
- योगलाई जीवनपद्धति र सकारात्मक जीवनशैलीसँग जोड्न सक्नेछन् ।
- प्रभावकारी सार्वजनिक सेवा प्रवाहका मूल्य मान्यता तथा स्थानीय तहमा प्रभावकारी सेवा प्रवाह कसरी गर्ने भन्ने विषयमा व्याख्या गर्न सक्नेछन् ।

## १.३ प्रशिक्षणका सहभागी तथा स्रोत व्यक्तिहरू

यस प्रशिक्षणमा केरावारी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागिता रहेको थियो । वैशाख १७,१८ र १९ गरी तीन दिनसम्म आयोजना भएको प्रशिक्षणमा पहिलो र दोस्रो दिन जनप्रतिनिधि र तेस्रो दिन कर्मचारीको सहभागिता रहेको थियो ।

प्रशिक्षण अवधिमा जम्मा ४ जना विज्ञ स्रोतव्यक्तिहरूबाट विभिन्न विषयवस्तुमा सत्रहरू सञ्चालन गरिएका थिए । जसमा प्रतिष्ठानभित्रबाट १ जना र प्रतिष्ठानभन्दा बाहिरबाट २ जना प्रशिक्षक/स्रोतव्यक्तिहरू रहनुभएको थियो । प्रशिक्षककहरु निम्नानुसार रहनुभएको थियो ।

१ दामोदर रेग्मी, पी एच डी, पूर्व सचिव, नेपाल सरकार

२ श्री कृष्णप्रसाद भट्टराई, उपनिर्देशक स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

३ राजेश खड्का, राष्ट्रिय संयोजक, आर्ट अफ लिभिङ

## १.४ प्रशिक्षण सञ्चालन अवधि र स्थान

यो प्रशिक्षण मिति २०८१ वैशाख १७ गतेदेखि १९ गतेसम्म केरावारी गाउँपालिकामा रेहको हिमचुली सामुदायिक वनको सभा हल केरावारीमा आयोजना गरिएको थियो । प्रशिक्षण कार्यक्रम पहिलो दिन विहान १०:०० वजेदेखि ५:३० र दोस्रो र तेस्रो दिन विहान ७ वजेदेखि ४ वजेसम्म सञ्चालन भएको थियो । प्रशिक्षणमा पहिलो दिन ४ वटा र दोस्रो र तेस्रो दिन दैनिक ५,५ वटा सत्र सञ्चालन भएका थिए ।

## १.५ सहभागीहरूको अपेक्षा

प्रशिक्षणको पहिलो दिनको पहिलो सत्रमा सहभागिहरुको अपेक्षा मेटा कार्डमा संकलन गएिको थियो । योग र ध्यानलाई कसरी सेवाप्रवाहमा जोड्न सकिन्छ ? सभावाट गठन हुने र कार्यपालिकावाट गठन हुने समितिहरुमा जनप्रतिनिधिको के भूमिका हुन्छ ? स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनमा जनप्रतिनिधिको के भूमिका हुन सक्छ ? स्थानीय तहको वित्तिय सुशासन जोखिम मूल्यांकनमा कम जोखिम हुन जनप्रतिनिधिको के भूमिका हुन्छ जस्ता विषयमा अपेक्षा राख्नुभएको थियो । त्यस्तै स्थानीय तहमा सार्वजनिक खरीद गर्दा के कस्ता विषयमा ध्यान दिनुपर्छ ? भन्ने जस्ता विषयहरुमा पनि सहभागीहरुको अपेक्षा रहेको थियो ।

## १.६ प्रशिक्षणका विषयवस्तुहरू

यस ३ दिनको यस प्रशिक्षणमा निम्न विषयवस्तुहरु समावेश गरिएका थिए :

- सकारात्मक सोच तथा स्वस्थ जीवनशैली
- संघीयता र स्थानीय सरकार सञ्चालन ऐनका मुख्य मुख्य प्रावधानहरु
- सभा तथा कार्यपालिकावाट गठन हुने समितिहरुको काम कर्तव्य तथा अधिकार
- स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा प्रक्रिया र
- स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन तथा स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्यांकन र जनप्रतिनिधिको भूमिका
- स्थानीय तहमा प्रभावकारी सेवा प्रवाह

- सार्वजनिक खरीद प्रक्रियामा जनप्रतिनिधि र कर्मचारीहरुले ध्यान दिनुपर्ने विषयहरु

## १.७ प्रशिक्षण विधि

यस प्रशिक्षण कार्यक्रमका सत्रहरू अनुभवजन्य सिकाइ सिद्धान्तमा आधारित भई सञ्चालन गरिएका थिए । साथै प्रशिक्षणलाई अझ व्यवहारिक, उपयोगी र उत्साहप्रद बनाउनका लागि निम्न विधिहरूको प्रयोग गरिएको थियो:

(क) लघुप्रवचन

(ख) प्रश्नोत्तर र छलफल

(ग) मस्तिष्क मन्थन

(घ) श्रव्य-दृष्य सामग्री प्रदर्शन

(ङ) समय समयमा सान्दर्भिक मनोरञ्जनात्मक सामग्रीको प्रस्तुतीकरण ।

## १.८ प्रशिक्षणको उपलब्धि

- यस प्रशिक्षणमा केरावारी गाउँपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरु गरी जम्मा ९८ जनाले सहभाग गरी प्रशिक्षण सफलता पुर्वक सम्पन्न गरेका छन् । जसमा कर्मचारी ५४ (४० जना पुरुष १४ महिला) र जनप्रतिनिधि ४४ जना (२८ जना पुरुष र १६ जना महिला) को सहभागिता रहेको थियो ।
- अनुभवी स्रोतव्यक्तिहरूले आफ्ना ज्ञान तथा अनुभवहरू आदान प्रदान गर्नुभई जनप्रतिनिधिहरुको काम, कर्तव्य, अधिकार र भूमिकालाई जोड्दै गाउँपालिकाको सेवाप्रवाह र समग्र विकासको लागि काम गर्न सहभागीहरुलाई उत्साहित र प्रतिवद्ध बनाउनुभएको थियो । यो प्रशिक्षण कार्यक्रमले गाउँपालिका र प्रतिष्ठानको सम्वन्ध समेत सुदृढ हुन पुगेको छ । साथै प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षणको प्रभावाकरिता र अनुभवमा अभिवृद्धि भएको छ ।

## परिच्छेद-२
## प्रशिक्षण कार्यक्रम कार्यान्वयन

### २.१ प्रशिक्षणको शुभारम्भ र समापन

**शुभारम्भ**

क्षमता विकास प्रशिक्षण कार्यक्रमको औपचारिक शुभारम्भ मिति २०८१ वैशाख १७ र गते विहान १० वजे गाउँपालिकाका अध्यक्ष सुमन मिरिङचिङको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष मनमाया मगरले सवै जनप्रतिनिधिहरुको लागि वुझ्नुपर्ने विषयमा यो प्रशिक्षण आयोजना गरिएकाले सवै जनप्रतिनिधिको सक्रिय सहभागिता रहनुपर्ने धारणा राख्नुभयो । गाउँपालिकाका अध्यक्ष सुमन मिरिङचिङ कार्यव्यस्तताले कार्यक्रम सुरु भइसकेपछि उपस्थिति भएकाले उहाँकै आग्रहमा उपाध्यक्ष मनमाया मगरले व्यानर पढेर कार्यक्रमको उद्घाटन गर्नुभयो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठको पनि आतिथ्यता रहेको थियो । कार्यक्रममा श्रेष्ठले सरकारी प्रशिक्षण प्रदायक संस्थासँग मिलेर प्रशिक्षण कार्यक्रम गर्दा प्रशिक्षणको आधिकारिकता र वैधता दुवै वढ्ने वताउनुभयो । उहाँले सहजकर्ताहरु अनुभवी भएकाले यसले गाउँपालिकाको सेवाप्रवाहमा पनि प्रभावकारिता वढ्ने वताउनुभयो ।

कार्यक्रम गाउँपालिकाका प्रशासन शाखा प्रमुख वावुराम के सी ले सञ्चालन गर्नुभएको थियो । छोटो सुभारम्भ सत्रपछि सकारात्मक सोँच र तनाव व्यवस्थापन विषयमा प्रशिक्षण कार्यक्रम सुरु भएको थियो ।

**समापन**

जनप्रतिनिधिको २ दिने प्रशिक्षण कार्यक्रम गाउँपालिकाका उपाध्यक्ष मनमाया मगरको अध्यक्षतामा सम्पन्न भएको थियो । उहाँले प्रशिक्षणले विषयगत समिति र सभाका समिति र सार्वजनिक खरीदका विषयमा धेरै प्रष्टता ल्याएको वताउनुभयो । योजना तर्जुमा प्रक्रियाका विषयमा समेत रहेका अश्पस्टताहरु कार्यक्रमले चिर्न सफल रहेको वताउनुभयो । उहाँले यस्ता कार्यक्रमहरु आगामी दिनमा पनि पालिकामा ल्याउन प्रतिष्ठानलाई आग्रह गर्नुभयो । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले प्रशिक्षण प्रभावकारी रहेकाले आगामी दिनमा पनि यस्ता कार्यक्रमहरु गाउँपालिकामा ल्याउन पहल गरिने वताउनुभयो ।

सहभागीको तर्फबाट वडा नं २ का अध्यक्ष प्रेमकुमार लिम्वु, नगर प्रवक्ता तथा कार्यपालिका सदस्य नारायणप्रसाद भुजेल र कार्यपालिका सदस्य रेखा विश्वकर्माले आफ्नो धारणा राख्नुभएको थियो ।

सहभागीहरुको विचार

*नारायणप्रसाद भुजेल, नगर प्रवक्ता*

कार्यक्रम प्रभावकारी रहेको छ । सवै वडाअध्यक्ष र सदस्यहरु उपस्थित हुन सकेको भए अझ प्रभावकारी हुने थियो ।

*रेखा विश्वकर्मा, कार्यपालिका सदस्य*

हामीले नजानेका धेरै विषयहरु प्रष्ट भएका छन् । योजना तर्जुमा र विषयगत समितिको काम कर्तव्यको वारेमा पनि हामीलाई भएका अश्पष्टता हरु केही कम भएका छन् । योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरु पनि प्रष्ट भएको छ ।

*प्रेम कुमार लिम्वु, वडा अध्यक्ष*

सहजकर्ताहरुको प्रश्तुति एकदमै उत्कृष्ठ रह्यो । सवै अध्यक्ष र सदस्यहरुको सहभागिता रहेको भए अझै उत्कृष्ठ रहने थियो । प्रशिक्षण अलि एकान्त ठाउँमा हुन सकेको भए अझै प्रभावकारी रहने थियो । आगामी दिनमा प्रशिक्षण गर्दा ठाउँ चयनमा पनि ध्यान दिनुपर्छ ।

प्रतिष्ठानका उपनिर्देशक कृष्णप्रसाद भट्टराइले केरावारी गाउँपालिकाका जनप्रतिनिधिहरुको प्रशिक्षण अवधिभरमा उत्कृष्ठ सहभागिता रहेको वताउनुभयो । आगामी दिनमा पनि यस्ता खालका प्रशिक्षण कार्यक्रम गाउँपालिकामा आयोजना गरिने वताउनुभयो । जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गरी गाउँपालिकाको समग्र विकासमा टेवा पुर्याउने उद्धेश्यले यो प्रशिक्षण आयोजना गरिएको उल्लेख गर्नु भयो ।

**कर्मचारीको प्रशिक्षण समापन**

यस्तै गाउँपालिकाका कर्मचारीहरुको प्रशिक्षण कार्यक्रमको समापन कार्यक्रम वैशाख १९ गते सम्पन्न भयो । कार्यक्रम गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा सहभागीको तर्फवाट लेखा अधिकृत कृष्णकुमार न्यौपाने, वडा नं ३ का वडासचिव तेजवहादुर मोक्तान र गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत कर्मचारी सलिना गुरुङले वोल्नुभएको थियो ।

**सहभागीको प्रतिक्रिया**

*कृष्णकुमार न्यौपाने, लेखा अधिकृत*

योग ध्यान तथा सार्वजनिक सेवा प्रवाह विषयमा भएको प्रशिक्षण फलदायी नै रहेको छ । एक दिन मात्र भएको कार्यक्रम अलि अपर्याप्त नै छ । यद्यपी यसले तनावमुक्त भएर काम गर्ने तरीका भने सिकाएको छ । आगामी दिनमा गाउँपालिकाको एकल या प्रतिष्ठानको सहकार्यमा यस्ता कार्यक्रम आयोजना गरिनेछ ।

*तेजवहादुर मोक्तान, वडा सचिव, वडा नं ३*

विदाको दिनमा कार्यक्रम आयोजना गरिएको छोटो कार्यक्रम फलदायी भएको छ । आगामी दिनमा यस्तै कार्यक्रम आयोजना गर्न गाउँपालिकालाई आग्रह गर्दछु ।

*सलिना गुरुङ, कर्मचारी, स्वास्थ्य शाखा*

योग र ध्यान सहितको कक्षा प्रभावकारी लागेको छ । यसलाई जीवनशैली र कामसँग जोड्न सकियो भने गाउँपालिकाकै सेवाप्रवाहमा सकारात्मक नतिजा आउन सक्छ । केही नयाँ कुरा सिकिएको छ । प्रशिक्षण अलि छोँटो भएको छ ।

समापन कार्यक्रममा प्रतिष्ठानका उपनिर्देशक कृष्णप्रसाद भट्टराईले जनप्रतिनिधि र कर्मचारीको प्रशिक्षण उत्साहप्रद तरीकाले सम्पन्न भएको वताउनुभयो । विदाको दिन पनि भएकाले कर्मचारीको सहभागिता अझै राम्रो रहेको वताउनुभयो । जनप्रतिनिधि तथा कर्मचारीको सहभागिताले आगामी दिनमा पनि कार्यक्रम गर्न हौसला मिलेको उहाँले वताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले एकै दिन मात्र आयोजना गरिएको प्रशिक्षण कार्यक्रम अपुग भएको महसुस भएको वताउनुभयो । आगामी दिनमा यस्ता अरु कार्यक्रम पनि प्रतिष्ठानसँग मिलेर आयोजना गरिने वताउनुभयो । कार्यक्रममा सहजीकरण गर्ने नेपाल सरकारका पूर्व सचिव दामोदर रेग्मी, पीएचडी, योग प्रशिक्षक राजेश खड्का र प्रतिष्ठानका उपनिर्देशक कृष्णप्रसाद भट्टराईलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

## २.२ दैनिक सत्र सञ्चालन

प्रशिक्षण केरावारी गाउँपालिकाको हिमचुली सामुदायिक हलको सभाहलमा सम्पन्न भएको थियो । गाउँपालिको कार्यालयभन्दा झण्डै २ किलोमिटर टाढा रहेको हलमा प्रशिक्षण सञ्चालन गरिएको थियो । प्रशिक्षणका नियमित सत्रहरू विहान ९:०० वजेदेखि साँझ ५:३० वजेसम्म दैनिक ५ वटा सत्र सञ्चालन गरिएका थिए । सत्रहरू सम्बन्धित विषयविज्ञहरूबाट सञ्चालन भएका थिए । टाढाका सहभागीहरुलाई आवासको व्यवस्था समेत गाउँपालिकाले गरेको थियो ।

## २.३ प्रशिक्षण मूल्याङ्कन

दुवै प्रशिक्षणको अन्तिम दिन १८ र १९ गते सहभागीहरूबाट प्रशिक्षणको समग्र मूल्याङ्कन गराइएको थियो । जसमा ५ वटा प्रश्न सोधिएको थियो । मूल्याङ्कन कार्यमा सहभागीहरुको सक्रिय सहभागिता रहेको थियो । जसमा सबै सहभागीहरुले प्रशिक्षण, प्रशिक्षक र प्रशिक्षण विधि उत्कृष्ट रहेको, प्रशिक्षणका विषयवस्तुहरु पनि अत्यन्तै उपयोगी र सान्दर्भिक रहेको बताएका थिए ।

## परिच्छेद-३

## निष्कर्ष र सुझाव

### ३.१ निष्कर्ष

केरावारी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले सञ्चालन गरिएको यस क्षमता विकास प्रशिक्षण सफलतापूर्वक सम्पन्न भएको छ ।

प्रशिक्षणमा ५१ जना जनप्रतिनिधि तथा ५४ कर्मचारीहरूले सक्रिय सहभाग गर्नु भएको थियो । पहिलो दिन ४ र दोस्रो र अन्तिम दिन ५,५ गरी १४ वटा सत्र सञ्चालन भएका थिए । यस प्रशिक्षणमा विषयविज्ञ स्रोतव्यक्तिहरूको प्रस्तुति रहेको थियो ।

यस प्रशिक्षणले जनप्रतिनिधि तथा कर्मचारीहरुको विषयवस्तुप्रति ज्ञान, सीप तथा कार्यदक्षतामा अभिवृद्धि गरी केरावारी गाउँपालिकाको सेवा प्रवाहमा प्रभावकारीता ल्याउने अपेक्षालाई केही सार्थक तुल्याएको छ । योग र सकारात्मक सोँचको प्रशिक्षणले सकारात्मक मनोभावना विकास गर्न समेत भूमिका खेलेको सहभागीहरुले वताउनुभएको छ ।

### ३.२ सुझाव

(क) यस किसिमका प्रशिक्षणले स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको धारणा, ज्ञान तथा सीप अभिवृद्धि भएको छ । आगामी दिनमा पनि यस्ता खालका प्रशिक्षणहरु भइराख्न जरुरी छ ।

(ख) सहभागीहरुले प्रशिक्षण सत्रका विषयवस्तुहरु अत्यन्तै प्रभावकारी भएको बताएका छन् । आगामी दिनमा प्रशिक्षणको समय लामो वनाउनुपर्ने आवाज पनि सहभागीहरुवाट उठेकाले त्यसको सम्वोधन गर्नुपर्ने पनि देखिन्छ ।

(ग) प्रशिक्षण हल ज्यादै ठूलो भएको र हलमा पंखा चलाइराख्न पर्दा सहभागी र प्रशिक्षक वीचमा अन्तरक्रिया गर्न कम सहजता भएकाले आगामी दिनमा हल व्यवस्थापनलाई पनि ध्यान दिइनुपर्छ ।

(घ) जनप्रतिनिधि र कर्मचारीहरुको प्रशिक्षण सञ्चालन गर्दा सकेसम्म सवैको समय मिल्ने गरी उपयुक्त समय मिलाउन सकेमा प्रशिक्षण अझै वढी प्रभावकारी हुने थियो ।

**अनुसूचि १**

**प्रशिक्षण दैनिक कार्यतालिका**

# केरावारी गाउँपालिकाका जनप्रतिनिधिहरुका लागि क्षमता विकास सम्वन्धी प्रशिक्षण

## वैशाख १७ र १८, २०८१

## दैनिक तालिका

| दिन | समय | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| पहिलो | ८.३० - ९.०० | चिया, खाजा | |
| | ९.०० - ९.३० | सुभारम्भ सत्र | |
| | ९.३० -१०:०० | परिचय, अपेक्षा सङ्कलन र मान्यता निर्धारण | |
| | १०.००-१२.०० | सकारात्मक सोँच र स्वस्थ जीवनशैली, | |
| | १२.०० - १.०० | खाना | |
| | १.०० - २.३० | योग, ध्यान तथा तनाव व्यवस्थापन, | |
| | २.३० - २.४५ | चिया | |
| | २.४५- ४.१५ | स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन तथा स्थानीय तह वित्तीय सुशासन मूल्यांकन र जनप्रतिनिधिको भूमिका | |
| | ४.१५ देखि ४:३० | संक्षेपीकरण र पहिलो दिनको समापन | |
| | | | |
| दोस्रो | ८.३० - ९.०० | चिया तथा पुनरावलोकन | |
| | ९.०० - १०.३० | स्थानीय तहको वार्षिक योजना तथा वजेट कार्यक्रम तर्जुमा प्रक्रिया | |
| | १०.३० -१०:४५ | चिया ब्रेक | |
| | १०.४५-१२.१५ | ▪ स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहमा रहने सभा वाट गठन हुने समितिहरु (सुशासन समिति, लेखा समिति तथा विधायन समित) का काम कर्तव्य र अधिकार<br>▪ कार्यपालिकावाट गठन हुने स्थानीय तहका विषयगत समितिहरुको काम कर्तव्य र अधिकार | |
| | १२.१५ - १.१५ | खाना | |
| | १.१५ - ३.३० | स्थानीय तहका विषयगत समितिको काम कर्तव्य र अधिकार र प्रभावकारी सेवा प्रवाह | |
| | ३.३० - ३.४० | िचया | |
| | ३.४०- ४.३० | सार्वजनिक खरीद प्रक्रिया सम्वन्धी केही सवालहरु: अन्तरक्रिया | |
| | ४.३० देखि ५:०० | प्रशिक्षण मूल्यांकन तथा समापन | |
| | | | |

**केरावारी गाउँपालिकाका कर्मचारीहरुका लागि**

## क्षमता विकाससम्वन्धी प्रशिक्षण, वैशाख १९, २०८१

| दिन | समय | सत्र तथा क्रियाकलाप |
|---|---|---|
| एक | ७.०० - ७.३० | परिचय, अपेक्षा संकलन तथा मान्यता निर्धारण |
| | ७.३० - ८.४५ | योग तथा तनाब व्यवस्थापन, |
| | ८.४५ -९:१५ | खाजा |
| | ९:१५-१०.४० | स्थानीय तहमा प्रभावकारी सेवा प्रवाह |
| | १०.४० -१०:५० | चिया ब्रेक |
| | १०:५० १२.१० | सकारात्मक सोँच तथा स्वस्थ जीउने कला |
| | १२.१० - १.०० | खाना |
| | १.००- २.३० | सार्वजनिक खरिद |
| | २.३० देखि ३:३० | सार्वजनिक खरीदका स्थानीय तहमा यसका सवालहरु |
| | ३:३० ४.०० | मूल्यांकन तथा समापन |

## अनुसुची २

## प्रशिक्षण अन्तिम मूल्यांकन फारम

**नाम................................................................  मितिः .......................................**

**कृपया तलका प्रश्नहरूमा आफूलाई उपयुक्त लागेको विकल्पमा चिह्न लगाउनुहोस्।**

**१. यस प्रशिक्षणलाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

**(क) उत्कृष्ट (ख) ज्यादै राम्रो (ग) राम्रो (घ) ठिकै (ङ) सुधार गर्नुपर्ने**

**टिप्पणी/सुझाव**

**..........................................................................................................................................................**

**...................................................................................................................**

**२. सहजकर्ताहरूलाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ? (विषयवस्तुको ज्ञान, सञ्चार क्षमता, प्रस्तुतीकरण शैली आदि)**

**(क) उत्कृष्ट (ख) ज्यादै राम्रो (ग) राम्रो (घ) ठिकै (ङ) सुधार गर्नुपर्ने**

**टिप्पणी/सुझाव............................................................................................................................**

**...................................................................................................................**

**३. प्रशिक्षणको विषयवस्तु तपाईंलाई कस्तो लाग्यो ? (कामसँग सम्बन्धी र उपयोगी, ज्ञानमा वृद्धि, सिप र दक्षताको विकासमा सहयोगी आदि)**

**(क) उत्कृष्ट (ख) ज्यादै राम्रो (ग) राम्रो (घ) ठिकै (ङ) सुधार गर्नुपर्ने**

**टिप्पणी/सुझाव............................................................................................................................**

**...................................................................................................................**

**४. प्रशिक्षणमा प्रयोग भएको प्रशिक्षण विधि तपाईंलाई कस्तो लाग्यो ? (विषयवस्तु बुझ्नका लागि सहयोगी आदि)**

**(क) उत्कृष्ट (ख) ज्यादै राम्रो (ग) राम्रो (घ) ठिकै (ङ) सुधार गर्नुपर्ने**

**टिप्पणी/सुझाव............................................................................................................................**

**...................................................................................................................**

**५५. प्रशिक्षणमा उपलब्ध गराइएका पाठ्यसामग्री तथा सन्दर्भसामग्रीहरू तपाईंलाई कस्ता लागे ? (विषयवस्तु बुझ्नका लागि सहयोगी, भावी प्रयोजनका लागि उपयुक्त आदि)**

**(क) उत्कृष्ट (ख) ज्यादै राम्रो (ग) राम्रो (घ) ठिकै (ङ) सुधार गर्नुपर्ने**

**टिप्पणी/सुझाव.............................................................................................................................**

.

## अनुसूची ३:

## सहभागी तथा स्रोत व्यक्तिहरुको नामावली

**अनुसूचि ३** केरावारीका जनप्रतिनिधि तथा **कर्मचारीहरुका लागि आयोजित प्रशिक्षण कार्यक्रमका केही तस्विरहरु**
















